कृषि तथा वन विज्ञान विश्वविद्यालय
**परीक्षा नियन्त्रण कार्यालय**
रामपुर, चितवन

प.नि.का.च.नं.......................२०७३/०७४ फोन नं.०५६-५९२४०४

मिति:२०७३।१२।०८

# परीक्षा आवेदन फारम भर्ने सूचना

कृषि तथा वन विज्ञान विश्वविद्यालयको कृषि संकाय र पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७०।०७१ र शैक्षिक सत्र २०७१।०७२ मा **B.Sc.Ag.; B.V.Sc. & A.H.** र **B.Sc. Fisheries** शैक्षिक कार्यकमहरुमा भर्ना भई कमश: **छैठौं सेमेष्टर र चौथो सेमेष्टरमा** अध्ययनरत विद्यार्थीहरु र वन विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७१।०७२ मा **B.Sc. Forestry मा भर्ना भई चौथो सेमेष्टरमा** अध्ययनरत विद्यार्थीहरुले **उक्त सेमेष्टरहरुको नियमित परीक्षा** र वन विज्ञान संकाय अन्तर्गत शैक्षिक सत्र २०७२।०७३ मा **B.Sc. Forestry मा भर्ना भई प्रथम सेमेष्टरको नियमित परीक्षामा** अनुत्तीर्ण विद्यार्थीहरुले सो सेमेष्टरको **मौका परीक्षामा** सम्मिलित हुन २०७३ साल चैत्र ९ गते देखि चैत्र १८ गते सम्म नियमित शुल्क र तत्पश्चात २०७३ साल चैत्र २० गते देखि चैत्र २२ गते सम्म विलम्व शुल्कमा परीक्षा आवेदन फारम भरी कार्यालय समय भित्र सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ । परीक्षा आवेदन फारम सम्बन्धित संकाय डीनको कार्यालयवाट प्राप्त हुने व्यहोरा जानकारी गराइन्छ ।

शर्तहरु :

१. परीक्षा आवेदन फारममा उल्लेखित विवरणहरु सवै भरिएको हुनु पर्नेछ । आवेदन फारममा परीक्षार्थीहरुको हालसालै खिचेको अनुहार र दुवै कान प्रष्ट देखिने पासपोर्ट साइजको फोटो २ (दुई) प्रति टांसिएको हुनु पर्नेछ ।

२. नियमित परीक्षा र मौका परीक्षाको हकमा परीक्षा शुल्क रु. ८५०।- र परीक्षा आवेदन फारम शुल्क रु १००।- का दरले बुझाउनु पर्नेछ । तोकिएको अवधिमा फारम नभरेमा निम्न वमोजिम विलम्व शुल्क लाग्नेछ ।

| | |
|---|---|
| २०७३ साल चैत्र २० गते | रु. ३००।- |
| २०७३ साल चैत्र २१ गते | रु. ५००।- |
| २०७३ साल चैत्र २२ गते | रु. ११००।- |

३. आन्तरीक मूल्यांकन परीक्षामा अनुतीर्ण परीक्षार्थीहरु अन्तिम परीक्षामा सम्मिलित हुन पाउने छैनन् । परीक्षार्थीहरुको प्राप्ताङ्क परीक्षा आवेदन फारममा सम्बन्धित संकायले अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

४. प्रवेश पत्र **(Admit Card)** परीक्षा शुरु हुन २ (दुई) दिन अगावै सम्बन्धित संकायबाट उपलब्ध हुनेछ ।

५. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालय, रामपुर, चितवनमा संम्पर्क राख्नु होला ।

६. परीक्षाको समय तालिका पछि प्रकाशित गरिने छ र साथै कृषि तथा वन विज्ञान विश्वविद्यालयको **Website : www.afu.edu.np** वाट पनि हेर्न सकिनेछ ।

.......................................
प्रा.नारायण राज जोशी
परीक्षा नियन्त्रक

साइट : www.afu.edu.np सम्पर्क कार्यालय फोन नं. ०१-४१०६२४७, फ्याक्स नं. ०१-४१०६२२४८ पो.व.नं. १३७१२ विनायक, धुवमार्ग, मीनभवन, काठमान्डौ ।